का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० चैत २०८०,

शनिबार

23 March 2024,

Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



ताप्लेजुङस्थित तीर्थस्थल पाथीभरा मन्दिर परिसरबाट हिमपातपछि शुक्रबार देखिएको दृष्य । पाथीभरा मन्दिरमा समेत हिउँ परेकाले दर्शनार्थीले हिउँ खेल्ने अवसर पाएका छन् । तस्वीरः सन्तोष पुर्कुटी, रासस

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

*सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार

विज्ञापन बोर्ड

# वैकल्पिक सरकारकै कसरतमा कांग्रेस



माओवादी केन्द्रले आफूसँगको गठबन्धन तोडेपछि कांग्रेस नेताहरु एमालेसँगै मिलेर सरकार बनाउने प्रयासमा छन् । एमालेसँग पनि सम्भव नभए कम्युनिष्ट पार्टीहरु बाहेकको गठबन्धन बनाउने कसरतमा कांग्रेस नेताहरु छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ चैत ।

गत फागुन २१ गते गठबन्धन तोडेर नेकपा माओवादी केन्द्र अघि बढेपछि फागुन २४ गते प्रतिनिधि सभाको बैठक बसेको थियो । परिवर्तित राजनीतिक परिस्थितिबारे प्रतिनिधि सभाको बैठकमा बोल्दै कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई सचेत गराए, ' एकचोटि सोच्नुस् त, भोलि तपाईंले धोका दिनुभएका सबै एक ठाउँमा उभिए भने तपाईं कहाँ पुग्नुहोला ?'

एमालेले पनि पटक-पटक धोका भएको भनेको र कांग्रेसले पनि धोका खाएको भन्दै उनले प्रचण्डलाई झस्काउने गरी बोलेका थिए । प्रधानमन्त्री बनेको एक वर्षमा तीन पटक गठबन्धन फेरेको र यसबीचमा संसदको ठूला दल कांग्रेस र एमालेले पालैपालो धोका भन्दै लेखकले कांग्रेस र एमाले मिले के होला भनी उनी गरेको प्रश्नलाई कतिपय नेताहरु वैकल्पिक सरकारको एक विकल्प रुपमा चित्रित गर्छन् ।

माओवादी केन्द्रले आफूसँगको गठबन्धन तोडेपछि कांग्रेस नेताहरु एमालेसँगै मिलेर सरकार बनाउने प्रयासमा छन् । एमालेसँग सम्भव नभए मुख्य कम्युनिस्ट पार्टीहरु बेगरकै वैकल्पिक सरकारको कसरतमा कांग्रेस नेताहरु छन् ।

प्रधानमन्त्री प्रचण्डले ३० फागुनमै विश्वासको मत लिइसकेका छन् । तर, आगामी जेठ १५ गते आउने बजेटमा कांग्रेसले वैकल्पिक सरकारको अभ्यास गर्न सक्छ । हाल सत्ता गठबन्धनमा सामेल रहेका कुनै दललाई बाहिर निकाल्न सकेको खण्डमा प्रचण्ड नेतृत्वले ल्याउने बजेट फेल गराउन सक्ने कांग्रेसको बुझाइ छ । बजेट फेल भए सरकार ढल्छ । एकीकृत समाजवादीले बजेटको वितरण समानुपातिक नभए आउँदो बजेट पास गर्न सहयोग नगर्ने सार्वजनिक रुपमै भनेको छ ।

यही चैत १ गते नयाँ बानेश्वरस्थित संघीय संसद भवन परिसरमा पत्रकारहरुसँग कुरा गर्दै नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले प्रधानमन्त्री प्रचण्डले प्रतिबद्धता पूरा नगरे पार्टी सरकारबाट बाहिरिने बताएका थिए ।

'मैले प्रष्ट भनेको छु- तपाईंले बोलेको कुराहरु पूरा गर्नुभएन भने असारको ३१ गते बिदा हुनुहुन्छ । १६५ वटा निर्वाचन क्षेत्रलाई विचार गर्नुभएन भने बजेटमा भोट हालिँदैन, त्यहाँभन्दा बढ्ता के भन्नु ? प्रधानमन्त्रीले प्रतिबद्धता पूरा नगरे बाहिर निस्किन्छौं ।' उपाध्यक्ष पाण्डेले भनेका थिए ।

उपाध्यक्ष पाण्डेले बजेट वितरणको विषय सार्वजनिक रुपमा भनेता पनि नयाँ सत्ता समीकरणमा प्रधानमन्त्रीको आलोपालोमा माधव नेपाल समेतको सहभागिताको विषय चर्चामा छ । पुष्टी नभएता पनि शीर्ष नेताहरुबीच प्रचण्डपछि माधव नेपाल र त्यसपछि केपी शर्मा ओली प्रधानमन्त्री हुने गरी जानुपर्ने भनी छलफल भएको छ । यस्तो अवस्थामा एकीकृत समाजवादी रुष्ट भए वर्तमान सरकारको विकल्प खोज्न सहज हुने कांग्रेस नेताहरुको बुझाइ छ ।

एमालेसँग सत्ता समीकरण हुन नसकेको खण्डमा एमाले र माओवादी बाहेककै सरकार बनाउने विकल्पमा समेत कांग्रेस नेताहरुको कसरत छ ।

२७५ सदस्यीय प्रतिनिधिसभामा सरकार बनाउन १३८ सदस्यको समर्थन आवश्यक पर्छ । प्रतिनिधिसभामा कांग्रेसका ८९, एमालेका ७८, नेकपा माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का २१, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १४ सांसद छन् ।

जनता समाजवादी पार्टी (जसपा)का १२, नेकपा एकीकृत समाजवादीका १०, जनमत पार्टीका ६, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का ४, नागरिक उन्मुक्ति पार्टीका ३, राष्ट्रिय जनमोर्चाका एक, नेपाल मजदुर किसान पार्टीका एक, आम जनता पार्टी (आजपा)का एक र अर्का एक जना स्वतन्त्र सांसद छन् ।

एमाले र माओवादी केन्द्र बाहेकको सरकार बन्ने अवस्थामा एकीकृत समाजवादीले कांग्रेसलाई सघाउँछ कि सघाउँदैन भन्ने प्रश्न यथावत छ । नसघाएको अवस्थामा विकल्प थप खुम्चिनेछ । तथापि, ठुला सबै कम्युनिस्ट पार्टी बेगरको सरकार बनाउन कांग्रेसका लागि विकल्प सकिँदैन् । रास्वपासहित साना सबैजसो दलको समर्थन अनिवार्य पाए कांग्रेस नेतृत्वमा एमाले र माओवादी बाहेकको सरकार बन्न सक्छ तर, त्यो सरकारको व्यवस्थापन कठिन हुनेछ ।

# राष्ट्र बैंक र अर्थ मन्त्रालयबीच 'डुअल म्याण्डेट'को रस्साकस्सी !

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ९ चैत ।

कोरोना महामारीपछि खस्किदै गएको अर्थतन्त्रमा सुधार आउन नसक्दा ब्यापार ब्यवसाय र उद्योग क्षेत्रमा समस्या देखिएका छन् । योसँगै उच्च मूल्य बृद्धि, उच्च बेरोजगारका कारण नेपाली अर्थतन्त्रमा उतार चढाव त कायमै छ । तर ब्यवस्थित र स्थायित्व कायम गर्दै जनताले महशुस गर्ने अर्थतन्त्र बनाउने अभिभारा बोकेका दुई महत्वपूर्ण निकाय अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीचको टसल वर्षौंदेखि उस्तै छ ।

पछिल्लो दशकमा नेपाली अर्थतन्त्रमा आएको उतारचढावलाई ब्यवस्थित गर्ने दायित्व बोकेका अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीचको 'टसल' सधैं नै रह्यो । योबीचमा अर्थमन्त्री बनेका सबैजसोको एउटै गुनासो रह्यो, राष्ट्र बैंकले समग्र अर्थतन्त्रको सुधारका लागि काम गर्न सकेन ।' गभर्नरहरूको प्रतिरक्षा हुने गर्छ, 'राष्ट्र बैंकले मौद्रिक नीतिमा काम गर्ने हो, अरू काम होइन ।'

२०७४ पहिलो साता एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा सरकार बनेसँगै आर्थिक स्थायित्वको संचार पैदा भएको थियो । त्यो सरकारमा अर्थविज्ञ डा. युवराज खतिवडा अर्थमन्त्री बनेर सिंहदरबार छिरेपछि अर्थतन्त्र 'भी सेभ'मै माथि उठ्ने विज्ञहरूको आँकलन थियो ।

तर अर्थ मन्त्रालय र केन्द्रिय बैंकबीचको टसल झन् बढेपछि अर्थतन्त्र निराश बन्यो । तत्कालीन गभर्नर चिरञ्जिवी नेपालसँग खतिवडाको शीतयुद्ध नै चल्यो । सरकारको आर्थिक सल्लाहकार मानिने गभर्नरलाई खतिवडासँग अर्थमन्त्रीले कुनै सल्लाह त लिएनन् नै सार्वजनिक कार्यक्रममा बोलचाल समेत बन्द भयो । त्यतिबेला खतिवडाको आरोप थियो, 'अर्थतन्त्र सुदृढिकरणका लागि काम गर्न नसक्ने गभर्नरले बजेट निर्माण सहयोग गर्न सक्दैनन् ।'

तत्कालीन गभर्नर नेपालको कार्यकाल सकिएपछि २०७६ चैतको अन्तिम साता खतिवडाले आफ्नै दल एमाले निकट महाप्रसाद अधिकारीलाई गभर्नरमा नियुक्त गरे । तर त्यसको केही समयमा खतिवडा नै अर्थ मन्त्रालयबाट बाहिरिए । त्यसपछि अर्थमन्त्री रूपमा सिंहदरबार छिरेका बिष्णुप्रसाद पौडेलसँग भने केही समय गभर्नर अधिकारीको सम्बन्ध सुमधुर रह्यो । बिष्णु पौडेलले त्यतिबेला गभर्नर अधिकारी र निजी क्षेत्रसँग कयौं छलफल गरे । शेयर बजार र निजी क्षेत्रमा केही सकारात्मक सञ्चार आयो ।

तर सो सम्बन्ध लामो समय टिकेन । तत्कालीन अर्थमन्त्री पौडेल कोरोना महामारीको संकट व्यवस्थापनसँगै अर्थतन्त्रको सुदृढिकरणको लागि गभर्नरमा भर पर्न थालेपछि फेरि अर्थ मन्त्रालय र राष्ट्र बैंकबीचको सम्बन्ध भित्रभित्रै चिसिएको बताइन्थ्यो ।

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# युरोप पठाउने भन्दै बंगलादेशबाट काठमाडौं ल्याएर ठग्ने धन्दा

## ठगी धन्दामा संलग्न चार बंगलादेशी पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ चैत

प्रहरीले बंगलादेशी नागरिकहरूलाई वैदेशिक रोजगारीका लागि विभित्र युरोपियन मुलुक पठाउने भनि नेपाल ल्याइ बन्धक बनाइ राख्ने कार्यमा संलग्न चार बंगलादेशी नागरिकलाई पक्राउ गरेको छ।

बंगलादेशी नागरीकहरूलाई वैदेशिक रोजगारको लागि क्यानडा, इटालीलगायतका देशहरूमा पठाइदिने विश्वास दिलाइ बंगलादेशबाट नेपाल ल्याएर काठमाडौंको पनकनाजोलस्थित निभाना ग्रिन पिस होम होटलमा राखी पासपोर्ट नियन्त्रणमा लिइ ठगी गरिरहेको अवस्थामा चार बंगलादेशी नागरिकलाई पक्राउ गरिएको प्रहरीले बताएको छ ।

प्रहरीले बंगलादेशको ढाका निवासी नुरूल हुडा, शमिम अहमीद, मोहम्म मशुल विल्लाह र पोर्नाय कुमार देलाई पक्राउ गरिएको बताएको छ । उनीहरूले विभिन्न प्रलोभनमा नेपाल ल्याएका बंगलादेशीहरूलाई अनेकौं धाकधम्की दिइ कुटपिट गर्नुका साथै आफन्तसँग सम्पर्क गर्न नदिइ साथमा रहेको नगदसमेत लिइ जबरजस्ती बन्धक बनाइ राखेको प्रहरीले बताएको छ । प्रहरीले पक्राउ परेका बंगलादेशीहरूलाई अपहरण तथा शरीर बन्धक लिन नहुने कसुरमा आवश्यक अनुसन्धान तथा कारबाहीका लागि मुद्दा चलाउन जिल्ला प्रहरी परिसर, टेकु, काठमाडौंमा पठाइएको बताएको छ ।

यता बेरोजगार युवायुवतीलाई आकर्षक तलबको प्रलोभनमा पारी वैदेशिक रोजगारीमा पठाउने भनि रकम उठाएर सम्पर्कविहीन भएका थप पाँच नेपालीलाई पनि प्रहरीले पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको प्रहरीले बताएको छ ।

जितमाया बललाई वैदेशिक रोजगारीमा न्युजिल्याण्ड पठाउने आश्वासन दिएर ९० हजार रुपैयाँ ठगी गरेको उजुरीका आधारमा सिन्धुपाल्चोकको मेलम्ची घर भइ हाल बौद्ध बस्ने युवराज सापकोटा, कुमार खड्कालाई मकाउ पठाउने आश्वासन दिएर ३ लाख ९३ हजार रुपैयाँ ठगी गरेको उजुरीका आधारमा काठमाडौंको बुढानिलकण्ठकी १९ वर्षीय श्रुती शाही र ३५ वर्षीय मन्दिरा बोम्जन गुरुङ, कृष्ण चन्दसमेत ३ जनालाई दक्षिण कोरिया पठाउने भन्दै ५ लाख ७१ हजार रुपैयाँ लिएको उजुरीका आधारमा कैलालीको टिकापुरकी अस्मिता बम र राम माया तामाङलाई कतार पठाइदिने आश्वासनमा ५० हजार रुपैयाँ ठगी गरेको उजुरीका आधारमा सुनसरी भोक्राहाकी अनिता कुमारी यादवलाई पनि पक्राउ गरिएको प्रहरीले बताएको छ ।

विगतमा हप्ताको दुई-चार वटा व्यक्तिगत ठगीको उजुरी दर्ता हुने वैदेशिक रोजगार विभागमा हाल एकैदिन करोड बढी बिगो उल्लेख भएर डेढ दर्जन उजुरी दर्ता हुने गरेका छन् । शैक्षिक कन्सल्ट्यान्सीबाट ठगीको

>>> पृष्ठ २ मा

# नेतृत्वविहीन पर्यटन बोर्ड

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ९ चैत ।

नेपाल पर्यटन बोर्ड दुई महिनादेखि नेतृत्वविहीन छ । बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) बाट डा. धनञ्जय रेग्मी बाहिरिएसँगै कार्यकारी प्रमुख (सिईओ)को पद खाली छ । बोर्डको सीईओ डा. धनञ्जय रेग्मीको माघ २० गते पदावधि सकिएपछि तत्कालीन पर्यटनमन्त्री सुदत किरातीले नयाँ सीईओको लागि तयारी थालेका थिए ।

सरकार परिवर्तनसँगै हितबहादुर तामाङ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री भएको १७ दिन बितिसक्दा समेत सीईओ छनोट प्रक्रिया भने अगाडि बढ्न सकेको छैन ।

सीईओ नियुक्तिका लागि किराती मन्त्री हुँदा नै पर्यटन विभागका महानिर्देशक चक्रबहादुर बुढाको संयोजकत्वमा एक महिना अघि समिति गठन गरिएको थियो, तर समितिले अहिलेसम्म आवेदन समेत खुलाएको छैन । सिइओ छनोटको लागि मदन आचार्य र मिलन देवकोटा र महानिर्देशक सहितको तीन सदस्यीय समिति गठन गरिएको थियो । पर्यटन क्षेत्रको विकासको लागि स्थापना भएको बोर्डमा



राजनीतिक इन्ट्रेस्टको कारण नेतृत्व को हुने भन्ने मै हानाथाप चलिरहेको छ ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का महासचिव विनोद सापकोटाले बोर्डमा समयमै नै सीईओ र सदस्य नियुक्ति नहुनु दुर्भाग्य भएको टिप्पणी गरेका छन् । 'नेपालमा पर्यटन प्रवर्द्धनको क्षेत्र हेर्ने संस्थामा सिइओ विहीन र सदस्य समेत नियुक्त हुन नसक्नु आफैँमा दुर्भाग्य हो, बोर्डको सिइओ नहुँदा पर्यटन व्यवसायीले के अपेक्षा गर्न सकिन्छ होला', उनले भने । साथै उनले लामो समयदेखि पर्यटन प्रवर्द्धनका काम रोकिएकाले चिन्ता

>>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

१० चैत २०८०, शनिबार
23 March 2024, Saturday

# हाजिरी जमानीमा रिहा भए महरा

**काठमाडौं/मस-** सुन तस्करी प्रकरणमा पक्राउ परेका नेकपा माओवादी केन्द्रका उपाध्यक्ष तथा पूर्वसभामुख कृष्णबहादुर महरा शुक्रबार हाजिरी जमानीमा रिहा भएका छन् ।

महरालाई उनका छोरा निर्मल महराको जिम्मामा हाजिरी जमानीमा छाडिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का प्रवक्ता एवं प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिए । सीआईबी र जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंको टोलीले पूर्वसभामुख महराको शुक्रबार बयान



सकिएपछि उनलाई हाजिरी जमानीमा रिहा गरिएको हो । यसअघि शुक्रबार ब्यूरोका प्रवक्ता बोगटीले जिल्ला सरकारी वकिल कार्यालय र ब्यूरोको टोलीले पूर्वसभामुख महराको बयान सकिएको जानकारी दिएका थिए । महरालाई गत सोमबार कपिलवस्तुबाट नेपाल प्रहरीले पक्राउ गरी काठमाडौं ल्याएको थियो । महरालाई जिल्ला अदालत काठमाडौंबाट चार दिनको म्याद थप गरी अनुसन्धान शुरु गरिएको थियो । सुनको अवैध तस्करी एवम् नियन्त्रणसम्बन्धमा जाँचबुझ गर्न पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वमा गठित आयोगले महराविरुद्ध मुद्दा चलाउनुपर्ने सिफारिस गरेको थियो । सोही सिफारिसका आधारमा ब्यूरोले महरालाई पक्राउ गरेको थियो ।

# विद्यार्थीलाई वडाको कोसेली झोला, कापी र ड्रेस



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ चैत

अर्घाखाँची पाणिनी गाउँपालिकाको अमर आधारभूत विद्यालयमा कक्षा ५ मा अध्ययन गर्ने अमृता नेपालीले १ थान स्कुल लैजान मिल्ने झोला, २० थान कापी, १ सेट सट र पाइन्टको ड्रेस साथमा लेख्ने कलम पाइन् । घरको आर्थिक अवस्था सामान्य रहेका अमृताले शैक्षिक सामग्री पाउँदा खुसी भइन् । उनले प्राप्त गरेका शैक्षिक सामग्री वडा कार्यालयले निःशुल्क दिएको हो । विद्यालयले उनलाई वडा कार्यालयमा शैक्षिक सामग्री पाउने विद्यार्थीका रुपमा छनोट गरेको थियो ।

धातिवाङ्ग माविमा कक्षा ९ मा अध्ययन गर्ने सामान्य परिवारकी निशा परियारले पनि शैक्षिक सामग्री पाइन् । शैक्षिक सामग्रीका साथमा विद्यालयमा लगाउने ड्रेस पनि पाएकी छात्रा खुसी हुँदै १ वर्षका लागि धेरैजसो सामग्रीहरु पुगेको बताइन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षको हातबाट शैक्षिक सामग्री पाएपछि खुसी हुँदै अध्ययनलाई पनि प्राथमिकता दिने निशाले बताइन् । यो उदाहरण अर्घाखाँचीको पाणिनी गाउँपालिका वडा नं. ६ धातिवाङ्गको हो । वडा कार्यालयले चालु आर्थिक वर्षमा वडा अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत धातिवाङ्ग मावि, अमर आवि, सिता आवि, सुर्योदय आवि, कालिका आविबाट छनोट भएका ५० जना विद्यार्थीलाई शैक्षिक सामग्री १ वटा झोला १ सेट ड्रेसको कपडा २० वटा कापी र ५ वटा डटपेन वितरण गरेको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमनाथ भन्छन् 'स्थानिय सरकारको अनुभव यस वडाबाट भएको छ, शैक्षिक सामग्री वितरण कार्यक्रमले विद्यार्थीहरुलाई टेवा पुग्नुका साथै स्थानिय सरकारको ध्यान शैक्षिक क्षेत्रको विकासमा पनि पुगेको छ, भन्ने उदाहरण हो ।'

विकासको मेरुदण्ड शिक्षा क्षेत्र पनि हो, शिक्षामा विकास गर्न सकेमात्रै समृद्ध वडा बनाउन सकिन्छ, भनेर विद्यार्थी लक्षित कार्यक्रम गरिएको हो, वडा अध्यक्ष कृष्णप्रसाद पौडेलले भने 'हरेक क्षेत्रमा अव्वल र नमुना वडा बनाउँनुपर्छ ।'

'धातिवाङ्गमा रहेका ५ वटा विद्यालयहरुमा शैक्षिकसँगै भौतिक पूर्वाधारको कामहरु गरिरहेका छौं, कार्यपालिकाको बैठकबाट निर्णय गरी धातिवाङ्ग माविमा ४ कोठे भवन र सुर्योदय आविमा २ कोठे भवन माग गरी निर्णय गरेर पठाइ योजना पर्न सफल परेको हो,' पौडेलले भने 'उक्त कामहरु राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सम्पन्न गरेका छौं ।' वडामा हरेक क्षेत्रको विकासका लागि गाउँपालिकासँगै प्रदेश र संघमा पनि पहल गरिरहेको उनले बताए ।

कार्यक्रममा कार्यपालिका सदस्य तारा पौडेल, वडा सदस्यहरु तारा पौडेल, पुनिकुमारी वि.क., खगेश्वर पौडेल र हरिप्रसाद पौडेल, वडा सचिव राजन महत्रा, नेपाली कांग्रेसका कावा सभापति लिलापति पौडेल, स्वास्थ्य चौकी धातिवाङ्गका प्रमुख मित्रदेव पौडेल, अम्मर आ.वि.का प्र.अ. हिमलाल पौडेल, सुर्योदय आ.वि. का प्र.अ. घनश्याम पौडेल, सिता आ.वि.का प्र.अ. राजबहादुर सारु, कालिका आ.वि.का प्र.अ. गोविन्द प्रसाद पौडेल, धातिवाङ्ग मा.वि.का शिक्षिका दुर्गा न्यौपाने पौडेल, पाणिनी गाउँपालिका रोजगार संयोजक शालिकराम पाण्डे, वन प्राविधिक तिलक बन्जाडे लगायत विद्यार्थीहरु अभिभावक लगायतको उपस्थितिमा सम्पन्न भएको हो ।

# गेरुवाको शान्तिबजारमा होली देउडा खेल शुरु



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ९ चैत

फागुपूर्णिमाका अवसरमा गेरुवा गाउँपालिकाको शान्तिबजारमा होली देउडा खेल शुक्रबारबाट शुरु भएको छ । पश्चिमेली गेरुवा एकीकृत विकास समाजको आयोजनामा गाउँपालिकास्तरीय होली देउडा खेल शुरु भएको हो ।

कार्यक्रमको उद्घाटन गर्दै गेरुवा गाउँपालिकाका वडा नं. ३ का वडाध्यक्ष निर्मल थारुले होली एउटा संस्कृति भएकाले त्यसको संरक्षणमा सबै लाग्नुपर्ने बताए । उनले भने, 'सबैले सहयोग गरे यहाँको कला संस्कृतिको जगेर्ना हुनेछ ।'

होलीको समयमा मात्र नभइ सधैं संस्कृति संरक्षणका लागि सक्रिय हुनुपर्ने बतउँदै उनले भने, 'संस्कृति हाम्रो पहिचान हो, संस्कृतिले सभ्यता सिकाउने भएकाले कला र संस्कृति संरक्षणका लागि सांस्कृतिक समाजको सक्रियता आवश्यक छ ।' संस्कृति नयाँपुस्तामा हस्तान्तरण गर्ने विषयमा सबैले सचेत हुनुपर्ने आवश्यकता रहेको उनले बताए ।

कला र संस्कृति संरक्षणका लागि होली डेउडा खेलको आयोजना गरिएको पश्चिमेली गेरुवा एकीकृत विकास समाजका अध्यक्ष कृष्ण कठायतले वताए । उनका अनुसार होली डेउडा खेल मंगलबारसम्म सञ्चालन हुनेछ ।

सुदूरपश्चिमका पहाडी जिल्लाबाट बसाइँ सरी आएका नागरिकले खेल्ने होली देउडा पछिल्लो समय सबै नागरिकले खेल्ने गरेका छन् । होली देउडा खेल्दा पुरुष सेतो पहिरनमा सजिएर, फूलको माला र रातो टीका पहिरिएर खेल्ने चलन छ, भने महिला रातो सारी कम्मरमा सेतो पटुका बाधेर खेल्ने चलन रहेको स्थानीयले बताए । पुराना वीरयोद्धाका गाथामा आधारित गीत समेटेर होली डेउडा खेल्ने चलन रहेको उनीहरु बताउँछन् ।

# 'स्थानीय तह, प्रहरी र विद्यालय सम्पर्क कार्यक्रम'मा समझदारी



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, ९ चैत

सिरहाको बिष्णुपुर गाउँपालिकाको अध्यक्ष सत्य नारायण यादवको प्रमुख आतिथ्यतामा स्थानीय तह-प्रहरी-विद्यालय सम्पर्क कार्यक्रमको समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

सिरहा बिष्णुपुर गाउँपालिका वडा नं.१ स्थित बिष्णुपुर गाउँपालिकाको कार्यालयमा जिल्ला प्रहरी कार्यालय सिरहाको आयोजनामा उक्त कार्यक्रम भएको हो ।

प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल, जिल्ला प्रहरी कार्यालय सिरहाका कार्यालय प्रमुख प्र.उ. सन्तोष आचार्य, बिष्णुपुर गाउँपालिका उपाध्यक्ष गिता कुमारी सिंह, विष्णुपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत असोक कुमार सिंह, गाउँपालिका शिक्षा शाखा प्रमुख दिप कुमार यादव, लगातय बिष्णुपुर गाउँपालिकाका अन्य वडाका वडा अध्यक्षहरु, इलाका प्रहरी कार्यालय बिष्णुपुर सिरहाका प्र.ना.नि. सुनिल कुमार झा, पालिकाका शाखा प्रमुख तथा कर्मचारीहरुको उपस्थितिमा 'समुदाय-प्रहरी साझेदारी कार्यक्रम' को अवधारणा अनुरुप 'स्थानीय तह-प्रहरी-विद्यालय सम्पर्क कार्यक्रम' को समझदारी पत्रमा हस्ताक्षर कार्यक्रम भएको थियो ।

उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख र नगर शिक्षा शाखा प्रमुखको साझेदारीमा नगर प्रमुख, प्रमुख जिल्ला अधिकारी तथा प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा सामाजिक शान्ति सुरक्षा र सतर्कता सम्बन्धी विषयहरु (सडक सुरक्षा, लागूऔषध, साइबर अपराध, लैंगिक हिंसा, यौन जन्य हिंसा) समेटिएको पुस्तिका सिरहा नगरपालिका अन्तर्गतका विद्यालयहरुका पाठ्यक्रममा प्रविष्ट गराइ छात्र छात्राहरुलाई अध्यापन गराउने भनि समझदारी पत्रमा हस्ताक्षर गरिएको प्रहरी उपरीक्षक सन्तोष आचार्यले बताए ।

### साइबर अपराधविरुद्ध सचेतनामूलक कार्यक्रम सम्पन्न

साइबर अपराध सम्बन्धी घटनाहरुलाई न्यूनीकरण गर्न सिरहामा सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सिरहा सखुवानन्कारकट्टी गाउँपालिका वडा नं.१ स्थित वडा कार्यालयको प्राङगणमा प्रहरी चौकी सितापुर सिरहाको आयोजनमा कार्यक्रम सम्पन्न गरिएको हो । कार्यक्रममा साइबर अपराधबाट कसरी सुरक्षित हुने भन्ने विषयमा जानकारी गराइएको थियो ।

# विद्यालयको भवन हस्तान्तरण नहुँदै जीर्ण बन्यो

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ९ चैत

हुम्लामा करिव ६ वर्ष अघि सम्पन्न भएको विद्यालयको भवन अझैं हस्तान्तरण हुन सकेको छैन । सिमकोट गाउँपालिका वडा नं. ४ हिल्दुम गाउँको बालविकास आधार भूत विद्यालयको एक कोठे भवन २०७५ सालमा दश लाखमा निर्माण पूरा भएको थियो । तर भवन निर्माण गर्ने कामदारले ६५ हजार रुपैयाँ उपभोक्ताबाट नपाउँदा भवन विद्यालयको नाममा हस्तान्तरण हुन नसकेको हो । अहिले भवन जीर्ण बन्दै गएको कामदार मुक्म शाहीले बताए । कामदार शाहीका अनुसार उपभोक्ता समितिबाट ठेक्का आफुले लिएर काम सकेपनि बाँकी ६५ हजार माग्दा नदिएपछि आफुले भवन विद्यालयको नाममा हस्तान्तरण नगरेको सुनाए । उपभोक्ता समितिलाई पटक- पटक पैसा दिनुहोस्, भवन विद्यालयको



नाममा हस्तान्तरण गरिदिन्छु भन्दा पनि सुरसारै नगरेको उनको भनाइ छ । उपभोक्ता समितिका अध्यक्ष अकिल शाही अहिले जिल्ला बाहिर रहेका छन् भने सचिव जयदेवी शाहीसँग पैसा माग्दा आफुसँग पैसा नभएको बताएकी शाहीले बताए ।

अहिले उक्त भवन स्वास्थ्य इकाई राखिएको छ । कामदार शाहीले पैसा नदिँदासम्म कसैलाई पनि भवन प्रयोग गर्न नदिने भने पनि गाउँबासीले पैसा दिलाइ दिने निर्णय गरेर विद्यालयको भवन केही समयका लागि स्वास्थ्यलाई दिने निर्णय गरे । गाउँबासीको वचन काट्न नसकेर भवन प्रयोग गर्न दिएपनि अहिले गाउँबासी पहिलाको निर्णय अनुसार चुपचाप लागेको कामदार शाहीको भनाइ छ । कामदार शाहीले भने, 'जीर्ण हुँदै गएको भवन अब हस्तान्तरण नगरेरै भत्कियो भने उपभोक्ता समिति जिम्मेवार हुनेछ ।' पटक-पटक भन्दा पनि पैसा नदिँदा अब कानूनी प्रक्रियामा जाने उनको भनाइ छ ।

# सशस्त्र प्रहरी बलको निःशुल्क शिविरमा ६ सय बढीको स्वास्थ्य जाँच


**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ९ चैत

सशस्त्र प्रहरी बल नेपालले निःशुल्क स्वास्थ्य शिविर पर्साको छिपहरमाई गाउँपालिका वडा नं ५ भिस्वामा सम्पन्न गरेको छ । सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेड क्वाटर पर्साले आयोजना गरेको शिविर भिस्वा बजारमा रहेको छोटी भन्सारको प्राङ्गण भएको थियो ।

सीमा विकास कार्यक्रम अन्तर्गत सिमाबासीहरुसँग सशस्त्र प्रहरीको सम्बन्ध प्रगाढ बनाउने उद्देश्यकासाथ शिविर राखिएको हो । शिविरमा महिला, पुरुष गरी ६ सय ३ जनाको चेकजाँच गरी निःशुल्क औषधी समेत वितरण गरिएको थियो ।

शिविरको प्रमुख अतिथि सीमा विभाग प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले उद्घाटन गरेका थिए । प्रमुख अतिथि पौडेलले स्थानीय सुरक्षा आफैंमा गहन जिम्मेवारी भएको बताए । निःशुल्क स्वास्थ्य शिविरमा प्राविधिक सहयोग प्रभु हस्पिटल विरगन्ज र विरगन्ज सामुदायिक आँखा अस्पतालको टिमलाई प्रमुख अतिथि पौडेलले धन्यवाद दिएका थिए ।

कार्यक्रममा सशस्त्र प्रहरी बल



नेपाल मधेश प्रदेश प्रमुख छिन्नमस बाहिनी मुख्यालय महोत्तरीका सशस्त्र प्रहरी नायब महानिरीक्षक दिपेन्द्र साह, छिपहरमाई गाउँपालिकाका उपाध्यक्ष लिलावती देवी, नेता किशोरी साह, वडाअध्यक्ष वडाअध्यक्ष दिपेन्द्र सिंह, मौजीलाल साह कानु,महेन्द्र साह कलवार,कामेश्वर यादव, नेता ,गनेश जयसवाल, सुबास साह,रामु जयसवाल,सशस्त्र प्रहरी बल नेपाल नं १३ गण पर्सा का गुल्मपती एसपी कृष्ण कर्मचार्य, सशस्त्र प्रहरी नायब उपरीक्षक संगम श्रेष्ठको उपस्थिति रहेको थियो ।

यस्तै प्रेम बहादुर कठायत,प्रभु हस्पिटल विरगञ्जका सञ्चालिका डाक्टर लक्ष्मी थापा गुप्ता,एमडी दिलिप कार्की, विरगञ्ज सामुदायिक आँखा रिसर्च सेन्टर अस्पतालका डाक्टर प्रेम सिंह, डाक्टर अरबिन्द साह र डाक्टर शिव साह लगायतको सहभागिता रहेको थियो ।

**राष्ट्र...**

सत्ताबाट ओली मन्त्रीमण्डल बाहिरएपछि दुईपटक अर्थमन्त्री बनेका माओवादीका जनार्दन शर्मा र गर्भनर अधिकारीबीच सार्वजनिक रूपमै आरोप प्रत्यारोप चल्यो । कुरा यतिमै सीमित रहेन, अर्थमन्त्री शर्माले गभर्नर अधिकारीलाई पदबाट निलम्बन नै गरे । पछि सर्वोच्चको फैसलापछि अधिकारीको पुनर्वहाली भयो । पछिल्लो पटक अर्थमन्त्री बनेका काँगेसका डा. प्रकाशसरण महतसँग पनि गभर्नरको सम्बन्ध उस्तै रह्यो । अर्थमन्त्री महतले गभर्नर अधिकारीले अर्थतन्त्र सुधारका लागि काम गर्न नगरेको आरोप पटकपटक लगाइरहे ।

भर्खरै अर्थमन्त्रीका रुपमा सिंहदरबार छिरेका वर्षमान पुन र गभर्नबीचको समबन्धका विषय बाहिरने समय नै भएको छैन । यद्यपि दलीय आस्थाकै हिसाबले यी दुइको पृष्ठभूमी पनि फरक भएकाले अथतन्त्रको सुधारका लागि एकै बाटो होला भन्ने शंका गर्ने ठाउँ प्रसस्तै छन् ।

**राष्ट्र बैंकको भूमिका**

केन्द्रिय बैंकको कार्य गर्न नेपाल राष्ट्र बैंकको स्थापना गर्न बनेको ऐनको प्रस्तावनामा उल्लेख छ, 'नेपालको अर्थतन्त्रको दीगो विकासमा सहयोग पुग्ने गरी मूल्य र शोधनान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्नका लागि केन्द्रिय बैंकको रूपमा नेपाल राष्ट्र बैंकको स्थापना गर्नु वाञ्छनीय भएकाले...'

सोही 'नेपाल राष्ट्र बैंक ऐन २०५८' को दफा ४ को २ मा भनेको छ, 'उपदफा १ बमोजिमको उद्देश्यमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी बैंकले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने छ ।' ऐनको यो बुँदामा उल्लेख भएको उपदफा २ मा मूल्य र शोधनान्तर स्थिरता, वित्तीय सेवाको पहुँच, बैंकिङ्ग प्रणालीलाई सुरक्षित भरपर्दो बनाउने विषय उल्लेख छन् । यसरी नेपालको संवैधानिक स्वायत्त निकाय नेपाल राष्ट्र बैंकको भूमिका मौद्रिक नीति र वित्तीय बजारमा काम गर्ने मात्रै होइन्, समग्र अर्थतन्त्रको सुधारका लागि हो भन्ने कुरा ऐनले नै स्पष्ट पारेको छ । तर राष्ट्र बैंकले अहिले निरन्तर बजार मूल्यको अध्ययन र बैंकिङ्ग प्रणालीको नियमन गरिरहेको छ । उसो त नेपाल राष्ट्र बैंकले पनि हरेक वर्ष निकाल्ने मौद्रिक नीतिमा सरकारको वित्त स्थितिबारे समीक्षा गरिन्छ । तर त्यसको अन्य निकायको तथ्यांक मात्रै समावेश गरिन्छ ।

यस बाहेक समग्र अर्थतन्त्रबारे राष्ट्र बैंकले किन अध्ययन गर्दैन त ? राष्ट्र बैंकको आफ्नो जिम्मेवारी मौद्रिक व्यवस्थापन मात्रै भएको दाबी पटक पटक गरिहन्छ भने अर्थमन्त्री'हरू प्रश्न गरिरहन्छन् । उसोभए किन प्रष्ट भएन ? 'राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला भन्छन्, 'यो त सरकारमा रहनेहरूले नबुझेको हो । राष्ट्र बैंकले आफुले गर्ने काम गरिरहेको छ ।' लामो समय राष्ट्र बैंकमै काम गरी गभर्नर समेत भएका तिलक रावल भने यो विषय खास ठूलो नभएको बताउँछन् । उनी भन्छन्, 'पछिल्ला वर्षमा राष्ट्र बैंकले मौद्रिक नीतिमा करेक्सन गरिरहेको छ । अनावश्यक अपेक्षा राख्नु त उनिहरूको कमजोरी हो ।' पूर्व गभर्नर चिरिन्जिवी नेपाल पनि गभर्नर र अर्थमन्त्रीबीच संसारभर नै टसल हुने भएकाले यो सामान्य विषय भएको बताउँछन् । नेपालको बुझाइमा अहिलेको समस्या स्पष्ट आर्थिक नीति नहनु हो ।

**मौद्रिक कार्य र समग्र अर्थतन्त्र फरक हो ?**

कुनै पनि देशको समग्र आर्थिक स्थितिले त्यहाँको सरकारी वित्त नीति र मौद्रिक नीतिको स्वरूप निर्धारण गर्छ । यसको अर्थ जब कुनै पनि देशको अर्थतन्त्रमा संकट देखिन्छ त्यो समयमा बन्ने वित्त नीति र मौद्रिक नीति दुबै संकट समाधानमा केन्द्रित हुनुपर्छ भने अर्थतन्त्र ठिकठाक छ भने दुबैले उचितब्यवस्थापन र प्रभावकारी नियमनमा केन्द्रित हुनुपर्छ । त्यसकाराण मौद्रिक बजार देशको समग्र अर्थतन्त्र भित्रैको एक क्षेत्र हो । जब कुनै पनि देशमा आर्थिक मन्दीको संकेत देखिन्छ । त्यसको प्रमुख आधार त्यहाँ आर्थिक क्रियाकलाप कमजार भएको बुझिन्छ । त्यहाँ स्वाभाविक रूपमा आम्दानी र क्रमशक्तिमा ह्रास आउँछ । त्यैको प्रभावले उपभोग र बस्तु तथा सेवाको मागमा कमी कमी आउँछ । यसैको प्रभावले ब्यसायी तथा उद्योगीहरूको कारोबार र आयमा पनि कमी आइ सरकारी आम्दानीमा पनि चाप पर्छ ।

सरकारी आम्दानी घटदा आन्तरिक स्रोतबाट धान्नुपर्ने कामहरू पभावित हुन जान्छन् र सरकारले आन्तरिक ऋणले काम चलाउनुपर्ने बाध्यता हुन जान्छ । फेरि यसको असर चाहिँ बैंकहरूको लगानीयोग्य पूँजीमा कमी आउँछ र निजी क्षेत्रको लगानीमा उच्च प्रभाव पर्न जाने हुँदा रोजगारी, आम्दानी, क्रयशक्ति र उपभोगमा पनि चाप पर्न जान्छ । यो अर्थतन्त्रको चक्र हो ।

यही तर्क दिदै अर्थशास्त्रीहरू भन्छन्, 'त्यसकारण बजारको मूल्य स्थयित्व र रोजगारी एक अर्काका परिपुरक हुन् । मौद्रिक प्रणाली, मूल्य र अन्य अर्थतन्त्र फरक हुन भन्न मिल्दैन ।' यसै सन्दर्भमा राष्ट्र बैंकको दोहोरो भुमिका 'डुवल म्याडेट' सन्दर्भमा पछिल्लो दशकमा संसारभर चर्चा र काम भइरहेका छन् ।' पूर्वअर्थमन्त्री एवंम् अर्थशास्त्री डा. युवराज खतिवडा पनि यसमा सहमत छन् । 'सरकारले अधिक आन्तरिक ऋण लिन थालेपछि बैंकबाट निजी क्षेत्रलाई कर्जामार्फत जानुपर्ने रकम सरकारमा आउँछ । निजी क्षेत्रले कर्जा पाउन छाड्छ वा बढी ब्याज तिरेर मात्र कर्जा पाउँछ । बैंकबाट भने जति पैसा पाउन छाडेपछि निजी क्षेत्रले कर्जा संकुचन (क्रेडिट क्रन्च) को अवस्था महसुस गर्छ । त्यसो हुँदा व्यावसायिक मनोबल गिर्दै जान्छ ।'

नेपालको सन्दर्भमा उनले लेखेको एक लेखमा भनिएको छ, 'समग्रमा, सरकारले आफ्नो खर्च धान्न ऋणपत्र जारी गर्दै उच्च ब्याजमा बैंकबाट पैसा लिन थालेपछि निजी क्षेत्रले सस्तो ब्याजमा कर्जा पाउँदैन । केही समय अघिसम्म सस्तो ब्याजमा जति पनि कर्जा पाइरहेकामा भने जति रकम सस्तो ब्याजमा पाउन छाड्दा निजी क्षेत्र विचलित हुने स्थितिमा पुग्छ । अझ सस्तो ब्याजमा लिएको कर्जा लगानी भएका क्षेत्रमा शिथिलता आउँदा सम्पत्ति बेचबिखन गरेर कारोबार धान्ने वा कर्जा तिर्ने अवस्था पनि बन्दैन ।'

**अन्तर्राष्ट्रिय अभ्यास कस्तो छ ?**

आर्थिक स्थायित्वलाई प्रभावकारी रूपमा अघि बढाउन खोजिरहेका अधिकांश देशका केन्द्रिय बैंकले मूल्यको स्थिरता र आर्थिक बृद्धि दुबैमा काम गरिरहेका छन् । छिमेकी देश भारतका केन्द्रिय बैंकले पनि मौद्रक कार्य मात्रै होइन, अर्थतन्त्रमा अन्य क्षेत्रमा पनि दोहोरो भूमिकामा नै काम गरिरहेका छ ।

यसको अर्थ केन्द्रिय बैंकले देशमा अधिकतम रोजगारीको सृजना गरेर मानिसहरूको क्रयशक्ति बढाउनु र मूल्यमा स्थायित्व कायम गर्नु हो । अझैं भन्नुपर्दा केन्द्रिय बैंकले मुद्रा आपूर्तिलाई नियन्त्रण गरेर अर्थतन्त्रको गति सुस्त हुँदा वा छिटो हुँदा दुबै अवस्थामा ब्याजदरहरू बढाएर वा घटाएर काम गर्ने गर्छ ।

**राष्ट्र बैंकले काम कसरी गर्न सक्छ ?**

रोजगारीको मापनले नै समग्र अर्थतन्त्रमा सो देशको मुद्रास्फीतिको दबाब महशुस हुन्छ । अधिकतम वा पूर्ण रोजगारीका सवालमा केन्द्रिय बैंकले कसरी काम गर्न सक्छ त ?

कुनै पनि देशमा रहेको बेरोजगारी स्तर मापन सामान्य आर्थिक अवस्था वा बूम वा मन्दीको अवस्थाले निर्धारण गर्छ । यस्तो अवस्थाबाहेक सामान्यतया आफै हुने बेरोजगारी अर्थात् वार्षिक वा मासिक रूपमा श्रमबजारमा स्वभाविक आउने जनशक्ति हुन्छ । ती दुबै बेरोजगारीलाई ब्यवस्थापन गर्न सक्नु मात्रै सबल अर्थतन्त्र हो । नेपालको सन्दर्भमा हरेक महिना वा आवधिक रूपमा आउने राष्ट्र बैंकको सर्वेक्षणमा बजारमा बेरोजगारी र रोजगारीको अवस्था ल्याउन सकिन्थ्यो । यस्तो तथ्यांकले रोजगारी सृजनाका लागि सहयोग हुन सक्छ ।

**युरोप...**

धन्दा व्यापकरूपमा बढेको प्रहरीले बताएको छ । राजधानीमा सञ्चालित दर्जनौं शैक्षिक कन्सल्ट्यान्सीलाई प्रहरीले पटक-पटक कारबाही चलाउँदै आएको भएपनि कन्सल्ट्यान्सीबाट वैदेशिक रोजगारको नाममा ठग्ने धन्दा नरोकिएको वैदेशिक रोजगार विभागमा खटिएको प्रहरीले बताएको छ ।वैदेशिक रोजगारीका लागि जापान, युरोपेली मुलुक, अमेरिका र क्यानडा पठाइदिने भन्दै तेस्रो व्यक्ति खडा गरेर करोड रुपैयाँसम्म ठगी गरिएको उजुरी आएको प्रहरीको भनाइ छ । ठगीको उजुरी आउने, तर शैक्षिक कन्सल्ट्यान्सीका मुख्य व्यक्ति फरार भइ उनीहरूका कर्मचारी मात्र पक्राउ पर्ने गर्दा ठगिएको रकम असुली गर्न पनि त्यतिकै समस्या रहेको बताइएको छ ।

**नेतृत्वविहीन...**

व्यक्त गरेका छन् । 'कार्यकारी हुँदा त पर्यटन व्यवसायीलाई काम गर्न गाह्रो छ, अब लामो समयदेखि बोर्ड नेतृत्वविहीन हुँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनको काम ठप्प छ, यसले बोर्ड मात्र नभएर पर्यटन मन्त्रालयले के गरिरहेको छ भनेर समेत प्रश्न उठ्छ', सापकोटाले भने, 'देशको पर्यटन जस्तो संवेदनशील क्षेत्रमा बजेट कटौती गर्ने, नेतृत्व नहुँदा समेत चासो नदिने निजी क्षेत्रले मात्र काम गरेर पर्यटनको विकास कसरी हुन्छ होला ?' यतिबेला कार्यविधि नहुँदा देश बाहिरका कार्यक्रम समेत रोकिएका छन् । अहिले स-साना कार्यक्रम मात्र गरेर बोर्ड बसेको छ । नेतृत्व विहीन बोर्ड हुँदा बाह्य अन्तर्राष्ट्रिय कार्यक्रम पुरै प्रभावित भएका छन् । मन्त्री तामाङले पर्यटन क्षेत्रको विकासको लागि बोर्डलाई प्रभावकारी ढंगले पर्यटन प्रवर्द्धनको कार्यक्रम ल्याउन आग्रह गरेका छन् ।

तर, दुई महिनादेखि सीइओ विहीन बोर्डमा देखिएको समस्याप्रति भने उनी चिन्तित देखिँदैनन् । 'पर्यटन विकासका लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन रणनीति अनुरुप काम गरिरहेको छु, रिक्त रहेका बोर्ड सदस्य नियुक्तिदेखि कार्यकारी प्रमुखको छनोट लगायतका सबै काम प्रक्रियामा छन्, अब यी सबै काम छिट्टै टुगिन्छन्', मन्त्री तामाङले भने ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०९/०६ मा दर्ता भएको **प्रा लि नं २८०१११/२०७८/०७९** को **प्रशान्त सागर निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.**को मिति २०८०/१२/०९ मा सम्पन्न बिशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

# एमालेसँग एकता हुने कुरा अफवाह : माधव नेपाल

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ चैत

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपालले नेपालको राजनीतिक अवस्था मौसम झैं परिवर्तनशील रहेको बताएका छन् ।

सदरमुकाम गौरस्थित निजी निवासमा समाजवादी प्रेस संगठन नेपाल जिल्ला कार्यसमिति रौतहटले आयोजना गरेको पत्रकार सम्मेलनमा सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री समेत रहेका नेपालले मौसम परिवर्तनको ग्यारेन्टी नहुने जसरी



नै नेपालको राजनीति कुन बेला के हुन्छ थाहा नहुने अवस्था रहेको बताए ।

नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका मन्त्रीहरुका कारण पुरानो गठबन्धन भत्किएको जिकिर गर्दै अध्यक्ष नेपालले मुलुकमा सुशासन, गणतन्त्रको स्थायित्वका लागि नयाँ गठबन्धनको निर्माण भएको बताए । रौतहट निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्यसमेत रहेका नेपालले नेकपा एमालेसँग एकता हुने कुरा अफवाह भएको उल्लेख गर्दै विचार, सिद्धान्त मिले सहकार्य गर्न सकिने बताए । नयाँ गाठ्वन्धन निर्माण भएका कारण प्रदेशमा सरकार परिवर्तन गर्ने विषयमा समस्या देखिएको उनले बताए ।

अध्यक्ष नेपालले संघीयता विरोधी, गणतन्त्र विरोधी, संविधान विरोधी, विकास विरोधीसँग कहिले पनि एकता र सहकार्य गर्न नसकिने बताए । अध्यक्ष नेपालले मुलुकमा रहेको बेरोजगारी समस्या समाधान, मिटरब्याजी समस्या समाधानको विषयमा गम्भीर भएर अघि बढ्न आफूले प्रधानमन्त्रीलाई सुझाव दिएकोसमेत उल्लेख गरे ।

# जिल्ला अस्पताल बाजुरामा अपाङ्गता पहिचान शिविर सञ्चालन

**धनकृष्ण विक/मध्यान्ह**
बाजुरा, ९ चैत

जिल्ला अस्पताल बाजुरामा अपाङ्गता भएका बालबालिकाहरुको स्वास्थ्य, शारीरिक पहिचान पुनःस्थापना तथा घुम्ती शिविर सञ्चालन गरिएको छ । शिविर दुई दिनसम्म जिल्ला अस्पताल बाजुरामा सञ्चालन हुने जिल्ला अस्पताल बाजुराले जनाएको छ ।

पहिचान शिविरमा जन्मजात वा पछि पैतला भित्र तथा बाहिर फर्केको, आगोले पोलेर अंगहरु एकआपसमा टाँसिएको, खुट्टा लुलो वा कमजोर भएको, भाँचिएको, बाँगो भएको वा हड्डी नजोडिएको शारीरिक अपाङ्गगताहरुको



विशेषज्ञ चिकित्सकद्वारा पहिचान गरिने भएको छ । त्यस्तै ढाड बाङ्गो वा कुप्रो भएको, औंलाहरु एकआपसमा टाँसिएको र बढी भएको, कृत्रिम अंग र अर्थोपिडिहरुको आवश्यकता जस्ता समस्याहरुको शिविरमा पहिचान गरिने डाक्टर सौगात केसीले बताए ।

चैत १० गते शनिबारसम्म सञ्चालन हुने शिविरको शुक्रबार बडिमालिका नगरपालिकाका प्रमुख अमर खड्काले उद्घाटन गरे । शिविरको उद्घाटन गर्दै नगर प्रमुख खड्काले बाजुरा जस्तो भौगोलिक विकट जिल्लामा अपाङ्गता भएकाहरुको पहिचानका लागि शिविर सञ्चालन गरेकोप्रति धन्यवाद ज्ञापन गरे । शिविरमा दक्ष चिकित्सकद्वारा चेकजाँचपछि आवश्यकताका आधारमा थेरापी, अपाङ्गता सामग्री वा शल्यक्रिया गर्नुपर्ने पहिचान गरिने बताइएको छ । शिविरमा उपलब्ध सेवाले समाधन हुने बिरामीहरुको शिविरमै उपचार हुने र थप उपचार गर्नुपर्ने बिरामीलाई अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपामा लगेर उपचार गरिने आयोजकले बताएको छ ।

# डडेल्धुराको प्रसिद्ध रुपाली होली



**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ९ चैत

पछिल्लो समय सुदूर पहाडका जिल्लामा होलीको रौनकता बढ्दै गएको देख्न सकिन्छ । डडेल्धुराको भागेश्वर गाउँपालिका वडा नं. १ र २ मा रहेको रुपाल क्षेत्रको डडेल्धुरामा होली प्रख्यात मानिन्छ । रुपालमा पनि बिहीबारबाटै होलीको रौनकता बढ्दै गएको छ ।

समय परिवर्तनसँग होलीको परम्परागत शैली हट्दै गएको भएपनि रुपाल क्षेत्रमो भने परम्परागत शैलीमा नै मौलिक होली खेल्ने गरिन्छ । 'ओ दाजुभाइ फगुन आई, फागुन मासमा होली आई' यसरी गीत गाउँदै शुरु गरिन्छ रुपालमा होली खेल्न । गाउँका दाजुभाइहरु एकठाउँमा भेला भएर रंगहरुको उल्लाससँगै होली खेलिन्छ ।

होलीमा रुपालीहरु रंगसँगै मौलिकताका गीतहरु गाएर गाउँका हरेक घरघरमा पुग्ने गर्छन् । गाउँमा मात्र नभइ गाउँ छाडेर विभिन्न क्षेत्रमा रहेका रुपालीहरुले परम्परागत शैलीमा नै होली खेल्ने गरेको मात्रिका प्रसाद भट्ट बताउँछन् ।

पछिल्लो समय रुपाली होली डडेल्धुरा जिल्ला सदरमुकाम, कैलाली र कञ्चनपुरमा खेल्ने गरिन्छ । होलीबाट जम्मा भएको रकमले सामाजिक कार्यहरु गरिन्छ ।

रुपाल क्षेत्र भारतसँग सीमा जोडिएकाले कुमाउ गडवाल क्षेत्रसँग जोडिएको छ । स्थानीयका अनुसार रुपालमा खेलिने होलीको शैली कुमाउ गडवाल क्षेत्रबाट आएको हो । रुपाली होली खेल्नका लागि रुपाल क्षेत्रबाट बसाइँसराइ गरी बाहिर गएकाहरु पनि यो समयमा घर फर्कने गर्छन् । यस होलीमा दमाह, ढोल बजाउँदै गीत, गाथा गाएर नाच्ने गरिन्छ ।

डडेल्धुराको रुपाली होलीले परम्परा मात्र जगाएको छैन, यसले युवामा पुस्तान्तरण पनि गर्दै आएको छ । पछिल्लो समय रंगहरुको होली भन्दा पनि लोला, पानी, गोबर माटो छ्यापेर होली खेल्ने गरेको देखिन्छ, तर रुपाली होलीले भने यस्ता कुसंस्कारलाई कम गर्नमा सहायोग पुऱ्याएको जानकारहरु बताउँछन् ।

# अर्घाखाँचीमा एसईई परीक्षाको सम्पूर्ण तयारी पूरा

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ चैत

अर्घाखाँचीमा माध्यमिक शिक्षा परीक्षा (एसईई)को एसईई परीक्षाको सम्पूर्ण तयारी पूरा भएको छ । चैत १५ गतेदेखि शुरु हुने यस वर्षको एसईई परीक्षाको तयारी पूरा भएको शिक्षा विकास तथा समन्वय इकाइ अर्घाखाँचीका प्रमुख मनिराम पराजुलीले बताए ।

यस वर्षको एसईईको परीक्षामा अर्घाखाँचीबाट ७७ सामुदायिक र ६ संस्थागत गरी ८३ विद्यालयका २ हजार ९ सय ७२ परीक्षार्थीहरु सहभागी हुँदैछन् । इकाइ प्रमुख पराजुलीका अनुसार एक हजार ३ सय ९७ छात्र र एक हजार ५ सय ७५ छात्रा एसईई परीक्षामा भाग लिनेछन् । जसअन्तर्गत २७ छात्र र २७ छात्रा गरी ५४ जना परीक्षार्थी ग्रेड वृद्धिका लागि सहभागी हुँदैछन् भने प्राविधिकतर्फ १ सय ५ जना परीक्षार्थी सहभागी हुँदैछन् ।



परीक्षाका लागि आवश्यक उत्तरपुस्तिका सबै परीक्षा केन्द्रमा र प्रश्नपत्र सुरक्षा केन्द्रहरूमा पठाइसकिएको छ । अर्घाखाँचीमा जम्मा १७ वटा परीक्षा केन्द्र तोकिएको र परीक्षाको तयारी पूरा भएको प्रमुख जिल्ला अधिकारी कमलराज ढकालले मध्यान्हलाई जानकारी दिए ।

परीक्षा सञ्चालनका लागि १७ जना केन्द्राध्यक्ष, २० जना सहायक केन्द्राध्यक्ष र १४८ जना निरीक्षक तोकिएको छ भने सहायक कर्मचारीका रुपमा ३१ जना र ६० जना कार्यालय सहयोगी खटाइएको जिल्ला शिक्षा समितिका अध्यक्ष तथा समन्वय प्रमुख जीवनारायण कोइरालाले बताए । परीक्षालाई शान्त र भयरहित वतावरणमा सम्पन्न गराउन हरेक परीक्षा केन्द्रमा आवश्यकता अनुसार ४ देखि १० जना सुरक्षाकर्मी परिचालन गरिने जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी नायव उपरीक्षक प्रतीत सिंह राठौरले जानकारी दिए ।

# ज्येष्ठ नागरिक मञ्चलाई केसीको ३५ हजार सहयोग



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ९ चैत

रुकुम पश्चिम नेकपा माओवादी केन्द्रका बाँफिकोटका अध्यक्ष चन्द्रबहादुर केसीले सानीभेरी ज्येष्ठ नागरिक मञ्चलाई सहयोग गरेका छन् । उनले मञ्चलाई ३५ हजार रुपैयाँ सहयोग गरेका हुन् ।

सानीभेरी ज्येष्ठ नागरिक मञ्च बाँफिकोट गाउँपालिका वडा नम्बर २ कुनाखेतमा निर्माण गरिएको छ । सबै गाउँका ज्येष्ठ नागरिकहरु भेला हुने र एकआपसमा छलफल गर्न उपयुक्त हुने भएकाले मञ्च निर्माण गरिएको हो । केसीले यसअघि पनि धेरै दुःखी पीडितलाई सहयोग गरेका छन् । ज्येष्ठ नागरिक मञ्चका लागि देश तथा विदेशबाट पनि धेरै जनाले सहयोग गरेका छन् ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/१२/१०**

**सुपर डिजाइन इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.** को मिति २०७८/१२/१९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सुपर कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा.लि. (प्रा.लि. नं.: ११२४८३)** साथै साविक ठेगाना परिवर्तन गरी **काठमाडौं महानगरपालिका-१०, काठमाडौं** कायम गर्ने गरी मिति २०७८/१२/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## लिक्विडेटरको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७।४।२८ मा दर्ता कायम रहेको आशिका एण्ड अमर एडभरटाइजिङ्ग प्रा.लि.को मिति २०८०।१२।९ गतेको विशेष साधारण सभाको वैठकले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोमा यस कम्पनीसंग कोहि कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितीले ३५ दिनभित्रमा निम्नलिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैका लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरको नाम कुमार गुरुङ**
**इजजात प्र.प्र.नं. ५२१**
**ठेगाना : त्रीपुरेश्वर काठमाडौं**
**फोन नं. ९८४१८६१६३०**

## चिरान काठ बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

**सूचना नं. १/२०८०/८१**
**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/१०**

श्री ज्यार्सा गोठेन सामुदायिक बन उपभोक्ता समूह, आमाछोदिङ्मो गाउँपालिका ०३, गत्लाङ, रसुवाको वनमा विगत १५ वर्ष अगाडि डडेलोले सखाप भएको बनको व्यवस्थापन गर्ने क्रममा आ.व. २०७९/८० मा उत्पादन भई आन्तरिक खपतको लागि सूचना प्रकाशन गर्दा खपत हुन नसकि आमाछोदिङ्मो गाउँपालिका वडा नं. ०३ गोठन खर्क नजिक घाटगद्दिमा ७ वटा लट बनाई राखिएको ठिङ्गरे सल्ला जातको जम्मा चिरान थान १६०९ को ४७८३.२९ क्यु.फि. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वनको कार्यालय र डिभिजन बन कार्यालय रसुवामा सम्पर्क राख्न अनुरोध छ ।

**थप जानकारीको लागि**
निमा साञ्जे तामाङ, अध्यक्ष (९८४०६६३१७०)
प्रताप तामाङ, सचिव (९८५११६५८७३)
श्री ज्यार्सा गोठेन सामुदायिक बन समूह,
आमाछोदिङ्मो गाउँपालिका ०३ गत्लाङ, रसुवा

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभाग**
**(प्रशासन, योजना तथा संस्था दर्ता शाखा)**

## दावी विरोध सम्बन्धी सूचना

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री Vision International Employment Pvt.Ltd. (ई.प.नं. ३९२/०६०/०६१) को साविक **ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. ०६ मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. १५** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## Office of District Coordination Committee
**Kalaiya, Bara**
**Madhesh Province, Nepal**

## Intention for Award of Contract

**Date of Publication: 23th March, 2024**

Pursuant to clause 27 (2) and 47 (3) of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidder has been selected to award the contract as per the invitation for bids published on the Aarthik National Daily Newspaper on 11th February, 2024. Office of District Coordination Committee intends to award the contract to the same.

| S.N. | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT and PS (NRs.) |
|---|---|---|---|
| 1 | DCC/BARA/W/2080/081/01 (Repair, Maintenance and Improvement of Meeting hall, Parking, Ground, Compound wall, etc.) | M/S Nata Construction and Suppliers Pvt. Ltd., Koteshwor, Kathmandu | 58,94,032.25 |

## भुलसुधार

मिति २०८०/१२/०९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित, कतारमा रोजगार शिर्षक कम्पनीको नाम : **LOYOLA INTERNATIONAL SCHOOL**, पूर्व स्वीकृत मितिः **२०८०/१२/०८**, चलानी नं.: **६०२१७००८**, र LT. No.: **302144** को विज्ञापनमा कामदारको पद Cleaner महिला माग संख्या १५ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**KALINCHWOK MANPOWER PVT. LTD.**
G.P.O. Box: 12447, Dhumbarahi Marg, Kathmandu | Fax: 4419361
Tel: 01- 4445106 | Mob.: 9818565246.
E-mail: info@kmanpower.com | Web.: www.kmanpower.com
Govt. Lic No.: 203/057/058


## कतारमा रोजगार | कम्पनीः GLOBAL STAN FOR PROJECTS AND TRADING WLL
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८०/१२/०७ — चलानी नं.: ६०२१७०६२ — LT. No.: 302019

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 0 | 1 | स. काममा दक्ष | 1000 | ३६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १७ गते (30 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**आशा ईन्टरनेशनल प्रा. लि.**
कान्तिमार्ग, महाराजगंज, काठमाडौं, पो.ब.नं. २४७५२ । फोन : ०१-४४४१३६१, फ्याक्स : ०१-४४३६२८५
License No.: 243/058/059

## Mauritius मा रोजगार | कम्पनी : ISLAND TASTE FOOD INDUSTRIES LTD

पूर्व स्वीकृत मितिः २०८०/१२/०९ — चलानी नं.: ६०२१७०५० — LT. No.: 301970

